स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसी स्टारर चलचित्र "बाटुलो जून" आगामी २६ कार्तिकमा प्रदर्शन हुने भएको छ। निर्माण ब्यानर सनराइज पिक्चरले चलचित्रको टिजर सार्वजनिक गर्दै प्रदर्शन मिति पनि जानकारी दिएको हो। टिजरले चलचित्रको परिवेश र कथाका आयामहरूको झलक मात्र प्रस्तुत गरेको छ। कथाको बारेमा पूरा जानकारी नदिएर टिजरले "टिज" गर्नुपर्ने मान्यतालाई आत्मसात गर्दै चलचित्र भित्र रहेको क्यान्डिड सटलाई स्थान दिइएको छ।

आजको विचार...



विशाल दर्लामी

काँग्रेस...

*(दुई पेजमा)*



अभिनेत्री उपासना सिंह ठकुरीले नयाँ चलचित्र "भिडियोटेप"को छायांकन पूरा गरेकी छन्। चलचित्रको छायांकन सकिएसँगै उपासना अब यसको प्रदर्शन र प्रचारप्रसारको तयारीमा जोडिने भएकी छन्। "भिडियोटेप"मा उपासनाले महत्वपूर्ण भूमिकामा अभिनय गरेकी छन्। चलचित्रको कथावस्तु र आफ्नो भूमिकालाई लिएर उपासना उत्साहित रहेको निर्माण पक्षले जनाएको छ। चलचित्रमा उनको भूमिकाले कथालाई अघि बढाउन महत्वपूर्ण योगदान दिने बताइएको छ।

❒ वर्ष ३२ ❒ अंक ८० ❒ २०८३ असोज १९ गते सोमबार 5 October 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# काँग्रेस महाधिवेशनमा दलहरूबीच आत्मसमीक्षा

## पुस्तान्तरण, संवाद र राष्ट्रिय सहकार्यको साझा आवाज

**हाम्रा संवाददाता**

**काठमाडौं,** असोज १८/ नेपाली कांग्रेसको १५औं महाधिवेशन उद्घाटन समारोहमा प्रमुख राजनीतिक दलका नेताहरूले लोकतन्त्रलाई थप खुला, समावेशी र उत्तरदायी बनाउँदै मुलुकको आर्थिक समृद्धि तथा राजनीतिक स्थायित्वका लागि सहकार्य आवश्यक रहेको बताएका छन् । आइतबार काठमाडौंको खुलामञ्चमा सम्बोधन गर्दै नेताहरुले यस्तो बताएका हन् ।

नेपाली कांग्रेस सभापति गगनकुमार थापाले संसददेखि राजनीतिक दलसम्म जनताका प्रश्न, असहमति र विचारका लागि खुला ठाउँ आवश्यक रहेको बताउँदै 'खुलामञ्च'लाई खुला संवादको प्रपतकका रूपमा व्याख्या गरे । संसद र पार्टीभित्र पर्याप्त खुलापन नभएकाले देशलाई नै खुलामञ्च आवश्यक रहेको उनको भनाइ थियो । रास्वपा सभापति रवि लामिछानेले कांग्रेसले निष्ठा र अवसरको राजनीति गरेको भए आफू पनि कांग्रेसमै हुन सक्ने टिप्पणी गर्दै




पुराना दलले आफूलाई समयअनुकूल सुधार गर्नुपर्ने बताए । नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले गगन थापामाथि देश नेतृत्व गर्ने ठूलो जिम्मेवारी आएको उल्लेख गर्दै सबै पक्षलाई समेटेर अघि बढ्न आग्रह गरे । पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले राजनीतिक दलहरू सरकार बनाउने र ढाल्ने खेलमा अल्झिँदा आर्थिक समृद्धि ओझेलमा परेको भन्दै अब १०-२० वर्षको स्पष्ट राष्ट्रिय विकास योजना बनाउनुपर्ने बताए । नयाँ पुस्तालाई विश्वास गर्दै नेतृत्व हस्तान्तरण गर्नुपर्ने उनको जोड थियो । नेकपा एमालेका महासचिव शंकर पोखरेलले लोकतन्त्र, राष्ट्रियता, विकास र समृद्धिका लागि कांग्रेससँग सहकार्य गर्न एमाले तयार रहेको बताए । जलवायु परिवर्तन, प्राकृतिक विपत्ति र लोकतन्त्रको चुनौती सामना गर्न दलहरू एक ठाउँमा उभिनुपर्ने उनको धारणा थियो । कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले संवाद, सद्भाव र एकताको आवश्यकता औंल्याउँदै देशभित्र र विदेशमा रहेका नेपालीलाई जोड्ने नीति आवश्यक रहेको बताए । महामन्त्री गुरुराज घिमिरेले कांग्रेसलाई पुनर्जीवन दिँदै नेतृत्वमा पुस्तान्तरण गर्ने प्रतिबद्धता जनाए भने उपसभापति पुष्पा भुसालले महाधिवेशनलाई पद व्यवस्थापनभन्दा आत्मसमीक्षा, पुनर्जागरण र पुनर्निर्माणको अवसर बनाउनुपर्ने बताइन् । नागरिक उन्मुक्ति पार्टीका संस्थापक रेशमलाल चौधरीले गणतन्त्रपछि पनि थारू समुदायको धर्म, संस्कृति र पहिचानमाथि प्रश्न उठेको भन्दै अधिकारको प्रभावकारी कार्यान्वयन माग गरे । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले राजादेखि जेन-जी पुस्तासम्मलाई समेटेर नयाँ राष्ट्रिय समझदारी आवश्यक रहेको बताए । जसपा नेता शरतसिंह भण्डारीले 'नियन्त्रित लोकतन्त्र' स्वीकार्य नहुने भन्दै संविधानलाई थप समावेशी बनाउन संशोधन आवश्यक रहेको धारणा राखे । श्रम संस्कृति पार्टीका महासचिव आर्यन राईले सत्ता कति समय चलाउनेभन्दा देशका लागि कसले राम्रो काम गर्ने भन्नेमा राजनीतिक प्रतिस्पर्धा हुनुपर्ने बताए । खुलामञ्चमा भएको कांग्रेस महाधिवेशनले फरक राजनीतिक धारका नेताहरूलाई एउटै मञ्चमा उभ्याउँदै संवाद, पुस्तान्तरण, समावेशिता, लोकतान्त्रिक खुलापन र राष्ट्रिय सहकार्यलाई आगामी राजनीतिको साझा एजेन्डाका रूपमा अघि सारेको छ । अधिवेशन दुई दिन सम्म चल्ने छ ।

### संक्षिप्त समाचार

### विद्यार्थी प्रदर्शन चर्किंदै, सयौँ विद्यालय प्रभावित

**रासस/एएफपी**

**काठमाडौं,** असोज १८/फ्रान्समा पछिल्ला केही दिनदेखि विद्यालयका विद्यार्थीले विभिन्न माग राख्दै प्रदर्शन गरिरहेका छन् । केही विद्यार्थीले विद्यालयका प्रवेशद्वार अवरुद्ध गरेका छन् भने कतिपय स्थानमा सुरक्षाकर्मीले प्रदर्शन नियन्त्रण गर्न अश्रुग्यास प्रयोग गरेका छन् । सरकारले विद्यार्थीका केही माग जायज रहेको स्वीकार गरे पनि हिंसात्मक गतिविधि स्वीकार्य नहुने जनाएको छ । सरकारले वामपन्थी राजनीतिक समूहले आन्दोलनलाई थप उक्साएको आरोपसमेत लगाएको छ । विपक्षी पक्षले भने उक्त आरोप अस्वीकार गर्दै आएको छ । गृह मन्त्रालयका अनुसार सोमबारदेखि ५ हजारभन्दा बढी व्यक्ति पक्राउ परेका छन् । शिक्षा मन्त्रालयका अनुसार शुक्रबार मात्रै करिब ७३५ शैक्षिक संस्था प्रदर्शनबाट प्रभावित भएका थिए । आगामी मंगलबार थप ठूलो प्रदर्शनको तयारी भइरहेको बताइएको छ ।

# मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु



**पाल्पा,** असोज १८/ जिल्लाको तिनाउ गाउँपालिका-३,सिद्धार्थ राजमार्गस्थित सिद्धबाबा नजिकै मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । आइतबार दिउँसो बुटवलबाट पाल्पातर्फ आउँदै गरेको लु ७४ प ९१७१ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको हो ।

मृत्यु हुनेमा चालक गुल्मी छत्रकोट गाउँपालिका-३, हर्दिनेटाका ४७ वर्षीय नवराज पन्थ रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक हिमनाथ घिमिरेले बताए । दुर्घटनामा परी पन्थ गम्भीर घाइते भएका थिए । उनको उपचारका क्रममा बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा मृत्यु भएको हो । मोटरसाइकल आफैं अनियन्त्रित भई सडकबाट ६० मिटर तल तिनाउ खोलामा खसेको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# ग्रीन फर गुड नेपालको अध्यक्षमा पुनः बस्याल

**पाल्पा,** असोज १८/वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धनका क्षेत्रमा क्रियाशील सामाजिक संस्था ग्रीन फर गुड नेपालको अध्यक्षमा पुनः धनिश्वर बस्याल निर्विरोध निर्वाचित भएका छन् । संस्थाको तेस्रो साधारण सभा तथा प्रथम अधिवेशनले अध्यक्षमा पुनः बस्याललाई चयन गरेको हो ।

लामो समयदेखि संस्थामा निरन्तर क्रियाशिल रही वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धनका क्षेत्रमा इमान्दारिताका साथ काम गरेका कारण बस्याललाई अधिवेशनले पुनः अध्यक्षको जिम्मेवारी दिएको हो । पुनः अध्यक्षको जिम्मेवारी पाएसँगै बस्यालले आगामी दिनमा वातावरण संरक्षण र पर्यटन प्रवर्द्धनका क्षेत्रमा दीर्घकालीन प्रभाव पार्ने गतिविधिलाई थप सक्रियताका साथ अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । अधिवेशनले संस्थाको उपाध्यक्षमा भेषराज सुवेदी, सचिव गंगाबहादुर खत्री, कोषाध्यक्षामा शान्ति पाण्डे, सदस्यहरुमा दोर्ण भुसाल र भोजराज भट्टराईलाई चयन



गरेको छ । अधिवेशनको जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि खनालले वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन तथा दिगो पर्यटन प्रवर्द्धनका क्षेत्रमा संस्थाले गरेका गतिविधिहरु प्रशसनिय रहेको बताए । उनले आगामी दिनमा पनि यस्ता रचनात्मक कामहरुलाई निरन्तरता दिन आग्रह गरे । ग्रीन फर गुड नेपालले तदर्थ समिति गठन भएदेखि नै तानसेनको श्रीनगर परिसरमा प्लास्टिकजन्य फोहोर व्यवस्थापनलगायत वातावरण संरक्षणका गतिविधि सञ्चालन गर्दै आएको छ ।

*-बाँकी अन्तिम पेजमा....*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विश्व शिक्षक दिवसको सार्थकता

आज विश्व शिक्षक दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । संयुक्त राष्ट्र संघको आह्वानमा १९९४ देखि हरेक वर्ष अक्टोबर ५ का दिन यो दिवस मनाइँदै आइएको छ । शिक्षकको योगदान, अधिकार, जिम्मेवारी र शिक्षाको क्षेत्रमा उनीहरूले पुऱ्याएको अतुलनीय भूमिकाप्रति सम्मान व्यक्त गर्ने महत्वपूर्ण अवसर हो यो । शिक्षक केवल पाठ्यपुस्तकका विषयवस्तु पढाउने व्यक्ति होइनन्, उनीहरू विद्यार्थीको सोच, चरित्र, क्षमता र भविष्य निर्माण गर्ने मार्गदर्शक हुन् । समाज परिवर्तनको आधार शिक्षा हो भने शिक्षाको गुणस्तर निर्धारण गर्ने प्रमुख आधार शिक्षक हुन् । एउटा सक्षम, समर्पित र जिम्मेवार शिक्षकले हजारौँ विद्यार्थीको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्छ । ज्ञानसँगै अनुशासन, नैतिकता, मानवता, सिर्जनशीलता र जिम्मेवारीको भावना विकास गराउने काममा शिक्षकको भूमिका अझ महत्वपूर्ण हुन्छ । त्यसैले शिक्षकलाई राष्ट्र निर्माणका आधारस्तम्भका रूपमा लिनु अतिशयोक्ति होइन । तर शिक्षक दिवस मनाइरहँदा शिक्षकका समस्या र चुनौतीलाई पनि गम्भीरतापूर्वक सम्बोधन गर्न आवश्यक छ ।

पर्याप्त पारिश्रमिक, सुरक्षित र सम्मानजनक कार्य वातावरण, समयानुकूल तालिम, प्रविधिको पहुँच तथा पेशागत विकासका अवसरबिना गुणस्तरीय शिक्षाको अपेक्षा गर्नु उचित हुँदैन । शिक्षकबाट उत्कृष्ट परिणाम खोज्ने हो भने उनीहरूलाई आवश्यक स्रोत, सुविधा र सामाजिक सम्मान पनि प्रदान गर्नुपर्छ । नेपालको सन्दर्भमा अझै पनि शिक्षामा पहुँच र गुणस्तरबीचको अन्तर चुनौतीका रूपमा रहेको छ । ग्रामीण तथा दुर्गम क्षेत्रमा शिक्षकको उपलब्धता, पूर्वाधारको अभाव, प्रविधिमा असमान पहुँच तथा शिक्षण सिकाइका बदलिँदा आवश्यकताले थप चुनौती सिर्जना गरेका छन् । यस्ता समस्या समाधानका लागि सरकार, विद्यालय व्यवस्थापन, शिक्षक, अभिभावक र समुदायबीच सहकार्य आवश्यक छ । आजको शिक्षकले परम्परागत रूपमा केवल 'पढाउने' भूमिकामा सीमित भएर पुग्दैन । डिजिटल प्रविधि, कृत्रिम बुद्धिमत्ता, बदलिँदो श्रम बजार र नयाँ पुस्ताका सिकाइ आवश्यकतासँगै शिक्षक स्वयं पनि निरन्तर सिक्ने र आफूलाई अद्यावधिक गर्ने अभ्यासमा लाग्नुपर्छ । वास्तवमा शिक्षकहरु राष्ट्रको भावी पुस्ताहरुको वैचारिक शिल्पको शिल्पकारहरु हुन् । आफ्नो ज्ञान, सीपको माध्यमले तटस्थ र स्वतन्त्ररुपमा आफ्ना विद्यार्थीहरुलाई ज्ञान दिने दायित्व बोकेका शिक्षकहरुले नै मानिसलाई समाजको पहिलो प्रतिविम्ब र परिवेशसँग साक्षात्कार गराएका छन् । जीवनलाई सहजढंगले परिवर्तन गराउन महत्वपूर्ण भूमिका खेल्ने शिक्षकहरुको सेवा सुविधा, मान पदवी, उत्तरदायित्व र जिम्मेवारीहरु थप गरेर उनीहरुलाई थप उर्जामय बनाउन आवश्यक छ । यसो गर्न सके मात्र विश्व शिक्षक दिवस मनाउनुको सार्थकता रहन सक्छ ।

### Opinion @ Social Network

जब मान्छेको सबैतिर बाट आशा मर्दै जान्छ,
हिम्मत टुट्दै जान्छ उ अन्तिम शरण भगवानको चरण मा लिन जान्छ।
(सुश्मा मर्हजनको फेसबुक स्टाटसबाट www.facebook.com/Sushma.Maharjan)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# काँग्रेस : बदलिएको काँग्रेस र भविष्यको काँग्रेस



## विशाल दर्लामी

*लोकतान्त्रिक आन्दोलनको नेतृत्व गऱ्यो र राज्य सञ्चालनमा निर्णायक भूमिका खेल्यो । तर पछिल्लो समय काँग्रेसभित्र एउटा गम्भीर समस्या देखिन थाल्यो– इतिहासको गौरवलाई वर्तमानको राजनीतिक उपलब्धिको विकल्प ठान्ने प्रवृत्ति । नेतृत्वमा पुस्तान्तरण ढिलो भयो । पार्टीभित्र गुट बलियो भए, महाधिवेशन नेतृत्व चयनको प्रतिस्पर्धामा बढी र नीति तथा कार्यक्रम निर्माणको थलोमा कम देखिन थाल्यो । संगठन जनतासँगको सम्बन्धभन्दा नेताको वरिपरि घुम्न थाल्यो । शेरबहादुर देउवाको लामो नेतृत्वकालले काँग्रेसलाई संगठनात्मक निरन्तरता त दियो, तर त्यससँगै एउटा प्रश्न पनि बलियो बन्यो–काँग्रेसको नेतृत्व परिवर्तन कहिले हुन्छ ? जेन–जी विद्रोहले यही प्रश्नलाई विस्फोटक ढंगले सतहमा ल्याइदियो । युवापुस्तामा देखिएको राजनीतिक असन्तुष्टि केवल सरकारविरोधी असन्तुष्टि थिएन । त्यो पुराना राजनीतिक दलको कार्यशैली, नेतृत्वको जीवनशैली, जवाफदेहिता, अवसरको वितरण र राजनीतिक संस्कारप्रतिको असन्तोष पनि थियो ।*

नेपाली काँग्रेसको महाधिवेशन आइतबारदेखि सुरु भएको छ । सामान्य अर्थमा यो एउटा राजनीतिक दलको नियमित संगठनात्मक प्रक्रिया हो । तर अहिलेको नेपाली राजनीतिक परिस्थितिमा काँग्रेसको यो महाधिवेशन त्यतिमा मात्र सीमित छैन् । यो महाधिवेशन काँग्रेसको अस्तित्व, चरित्र, नेतृत्व, विचार र भविष्यको दिशासँग जोडिएको निर्णायक राजनीतिक क्षण पनि हो । २००७ सालको परिवर्तनदेखि गणतन्त्र स्थापनासम्म काँग्रेसले नेपालको राजनीतिक इतिहासमा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । लोकतन्त्र, बहुदलीय व्यवस्था, संवैधानिक अधिकार र राजनीतिक स्वतन्त्रताको आन्दोलनमा काँग्रेसको योगदान अस्वीकार गर्न सकिँदैन । तर इतिहासको योगदानले वर्तमानको राजनीतिक वैधता सधैं जोगाइराख्दैन । वर्तमान नेतृत्वले वर्तमानकै प्रश्नको उत्तर दिनुपर्छ । आज काँग्रेस त्यही मोडमा उभिएको छ ।

**१. पुरानो काँग्रेस : इतिहासको गौरव, तर समयसँगै बढेको जडता**

नेपाली काँग्रेस लामो समयसम्म नेपालको राजनीतिको प्रमुख शक्तिमा रह्यो । सत्ता परिवर्तनको केन्द्रमा काँग्रेस रह्यो, लोकतान्त्रिक आन्दोलनको नेतृत्व गऱ्यो र राज्य सञ्चालनमा निर्णायक भूमिका खेल्यो । तर पछिल्लो समय काँग्रेसभित्र एउटा गम्भीर समस्या देखिन थाल्यो– इतिहासको गौरवलाई वर्तमानको राजनीतिक उपलब्धिको विकल्प ठान्ने प्रवृत्ति । नेतृत्वमा पुस्तान्तरण ढिलो भयो । पार्टीभित्र गुट बलियो भए, महाधिवेशन नेतृत्व चयनको प्रतिस्पर्धामा बढी र नीति तथा कार्यक्रम निर्माणको थलोमा कम देखिन थाल्यो । संगठन जनतासँगको सम्बन्धभन्दा नेताको वरिपरि घुम्न थाल्यो । शेरबहादुर देउवाको लामो नेतृत्वकालले काँग्रेसलाई संगठनात्मक निरन्तरता त दियो, तर त्यससँगै एउटा प्रश्न पनि बलियो बन्यो– काँग्रेसको नेतृत्व परिवर्तन कहिले हुन्छ ? जेन-जी विद्रोहले यही प्रश्नलाई विस्फोटक ढंगले सतहमा ल्याइदियो । युवापुस्तामा देखिएको राजनीतिक असन्तुष्टि केवल सरकारविरोधी असन्तुष्टि थिएन । त्यो पुराना राजनीतिक दलको कार्यशैली, नेतृत्वको जीवनशैली, जवाफदेहिता, अवसरको वितरण र राजनीतिक संस्कारप्रतिको असन्तोष पनि थियो । त्यसको प्रभाव काँग्रेसबाट अलग रहन सकेन ।

**२. बदलिएको काँग्रेस : गगनको विद्रोह र विशेष महाधिवेशन**

जेन-जी आन्दोलनपछि काँग्रेसभित्रको पुरानो संरचनामाथि प्रश्न उठाउने आवाज तीव्र भयो । महामन्त्री रहेका गगन थापा र विश्वप्रकाश शर्मालगायतको नेतृत्वमा नियमित महाधिवेशन र नेतृत्व परिवर्तनको माग बलियो बन्यो । तर संस्थापन पक्षसँग त्यसमा सहमति बन्न सकेन । त्यसपछि कांग्रेसभित्रको विवाद संगठनात्मक असहमतिको सीमाबाट बाहिर निस्केर नेतृत्व परिवर्तनको संघर्ष बन्यो । पुस २०८२ मा भएको विशेष महाधिवेशन त्यसैको परिणाम थियो । ५४ प्रतिशतभन्दा बढी प्रतिनिधिको सहभागितामा भएको विशेष महाधिवेशनले गगन थापालाई सभापति चयन गऱ्यो । पछि निर्वाचन आयोगले थापा नेतृत्वको कार्यसमितिलाई आधिकारिकता दियो । यो घटनाको महत्व केवल गगन थापा सभापति बने भन्ने होइन् । यसले काँग्रेसभित्र एउटा राजनीतिक सन्देश स्थापित गऱ्यो । नेतृत्व परिवर्तन अब माग मात्र रहेन, संगठन भित्रको वास्तविक शक्ति बनेर आयो । तर यहाँ अर्को यथार्थ पनि छ । काँग्रेस पूर्ण रूपमा पुरानो संरचनाबाट मुक्त भइसकेको छैन । देउवा पक्षले आफ्नो वैधानिक दाबी छोडेको छैन । समानान्तर गतिविधि र महाधिवेशनको तयारीले काँग्रेसभित्रको संक्रमण अझै पूरा नभएको देखाउँछ । यसैले आजको काँग्रेसलाई "पुरानो काँग्रेस समाप्त भयो" भनेर बुझ्नु पनि हतार हुन्छ र "केही परिवर्तन भएकै छैन" भन्नु पनि गलत हुन्छ । काँग्रेस अहिले पुरानो र नयाँबीचको संक्रमणकालमा छ ।

**३. फागुन २१ को चुनाव : परिवर्तनको पहिलो जनमत**

कांग्रेसको आन्तरिक परिवर्तनको वास्तविक परीक्षा पार्टीको हलभित्र होइन, मतपेटिकामा भयो । फागुन २१ को प्रतिनिधिसभा निर्वाचन त्यसको पहिलो ठूलो परीक्षा थियो । परिणाम काँग्रेसका लागि सुखद् रहेन । राष्ट्रिय स्वतन्त्र पार्टीले १२५ प्रत्यक्ष सिटसहित समानुपातिकसमेत गरेर १८२ सिट जित्दा काँग्रेस ३८ सिटमा सीमित भयो । काँग्रेस दोस्रो ठूलो दल त बन्यो, तर पहिलो दलसँगको दूरी अत्यन्त ठूलो रह्यो । यो परिणामलाई केवल चुनावी हार भनेर बुझ्नु पर्याप्त हुँदैन । यसले काँग्रेसलाई जनताले दिएको राजनीतिक सन्देश हो । जनताले काँग्रेसलाई पूर्ण रूपमा अस्वीकार गरेका छैनन् । तर पुरानो हैसियतमा स्वीकार पनि गरेका छैनन् । काँग्रेसका लागि यो परिणामको सबैभन्दा गम्भीर पक्ष यही हो । एक समय देशको राजनीतिक केन्द्रमा रहेको काँग्रेस आज आफूलाई पुन: जनताको केन्द्रमा स्थापित गर्ने अवस्थामा आइपुगेको छ । अर्थात् विशेष महाधिवेशनले काँग्रेसभित्र परिवर्तनको ढोका खोल्यो, तर फागुन २१ को निर्वाचनले त्यो परिवर्तन पर्याप्त भइसकेको छैन भन्ने जनमत दियो ।

**४. अबको काँग्रेस : गगनको नेतृत्व मात्र होइन, काँग्रेसको पुनर्निर्माण**

प्रश्न गगन थापा सफल हुन्छन् कि हुँदैनन् भन्ने मात्र होइन् । मुख्य प्रश्न हो, गगन नेतृत्वको काँग्रेस पुरानो कांग्रेसभन्दा कति फरक हुन्छ ? यदि केवल सभापतिको अनुहार बदलियो, तर पार्टीको संस्कृति उस्तै रह्यो भने परिवर्तन अधुरो हुन्छ । यदि गुट उस्तै रहे, टिकट वितरणको शैली उस्तै रह्यो, नेताको वरिपरि संगठन घुमिरह्यो, भ्रष्टाचार र सुशासनका प्रश्नमा काँग्रेस र अन्य दलबीच मौलिक भिन्नता देखिएन भने नयाँ नेतृत्वको औचित्यमाथि नै प्रश्न उठ्नेछ ।

अब काँग्रेसले तीनवटा क्षेत्रमा निर्णायक परिवर्तन गर्नुपर्ने देखिन्छ ।

**पहिलो: विचारमा परिवर्तन : -** काँग्रेसले आफू लोकतान्त्रिक पार्टी हो भन्नु मात्र पर्याप्त छैन । २१औं शताब्दीको लोकतन्त्रका प्रश्न के हुन् ?, रोजगारी, शिक्षा, स्वास्थ्य, प्रविधि, डिजिटल अर्थतन्त्र, जलवायु संकट, सामाजिक न्याय, भ्रष्टाचार नियन्त्रण, संघीयताको प्रभावकारिता र राज्यको जवाफदेहिता । यी प्रश्नमा काँग्रेसको स्पष्ट दृष्टिकोण आवश्यक छ ।

**दोस्रो:संगठनमा परिवर्तन : -** काँग्रेस नेतामुखी होइन, सदस्यमुखी पार्टी बन्नुपर्छ । महाधिवेशनमा प्रतिनिधि चयन गर्ने प्रक्रियादेखि उम्मेदवार छनोट, नेतृत्व विकास र निर्णय प्रक्रियासम्म पारदर्शिता आवश्यक छ । युवालाई भाषणमा मात्र होइन, निर्णय प्रक्रियामा वास्तविक स्थान दिनुपर्छ ।

**तेस्रो :राजनीतिक संस्कारमा परिवर्तन :-** काँग्रेसले आफूलाई अरूभन्दा लोकतान्त्रिक देखाउन खोजेर मात्र पुग्दैन । उसले आफ्नै पार्टीभित्र लोकतन्त्र अभ्यास गर्नुपर्छ । विरोधी विचारलाई शत्रु ठान्ने, गुटलाई संगठनभन्दा माथि राख्ने र पदलाई राजनीतिक उपलब्धिको अन्तिम लक्ष्य बनाउने संस्कार अन्त्य नगरेसम्म काँग्रेसको रूपान्तरण सम्भव छैन् ।

**५. कांग्रेसको भविष्य : सत्ता फर्किने कि राजनीति फर्किने ?**

काँग्रेसका लागि सबैभन्दा महत्वपूर्ण प्रश्न आगामी निर्वाचनमा सरकार बनाउने हो कि होइन भन्ने मात्र होइन । काँग्रेस फेरि नेपाली जनताको विश्वास जित्न सक्छ कि सक्दैन ? सत्ता प्राप्ति त्यसको परिणाम हुन सक्छ, लक्ष्य होइन । फागुन २१ को परिणामले एउटा कुरा प्रस्ट पारेको छ–पुराना राजनीतिक दलका लागि अब विगतको योगदान मात्र पर्याप्त छैन । नयाँ पुस्ताले प्रश्न गर्छ,, तपाईंले विगतमा के गर्नुभयो ? त्योभन्दा पनि ठूलो प्रश्न गर्छ,, अब के गर्नुहुन्छ ? यही प्रश्नको उत्तर कांग्रेसले दिनुपर्नेछ ।

**निष्कर्ष : काँग्रेसको निर्णायक मोड**

आइतबारदेखि सुरु भएको महाधिवेशन काँग्रेसका लागि एउटा साधारण संगठनात्मक कार्यक्रम होइन । यो पुरानो काँग्रेस र नयाँ काँग्रेसबीचको सीमारेखा बन्न सक्छ । शेरबहादुर देउवाको नेतृत्वकाल काँग्रेसको एउटा लामो अध्याय थियो । गगन थापाको उदय नयाँ अध्यायको सुरुवात हो । तर नयाँ अध्यायको सफलता केवल पुस्तान्तरणले निर्धारण गर्दैन । त्यसको सफलता काँग्रेसले आफूलाई कति बदल्न सक्छ भन्ने कुराले निर्धारण गर्नेछ । विशेष महाधिवेशन काँग्रेस भित्रको विद्रोह थियो । फागुन २१ को निर्वाचन जनताको फैसला थियो । अहिलेको महाधिवेशन त्यस फैसलाको उत्तर दिने अवसर हो । त्यसैले अब काँग्रेसले आफैंलाई सोध्नुपर्ने प्रश्न यो रहेको छ । "हामीलाई फेरि सत्ता चाहिएको हो कि जनताको विश्वास ?" यदि उत्तर जनताको विश्वास हो भने काँग्रेसले आफ्नो इतिहासलाई सम्मान गर्दै पुन: इतिहासमै अडिनु हुँदैन । उसले इतिहासको काँग्रेसबाट वर्तमानको काँग्रेस र वर्तमानको काँग्रेसबाट भविष्यको काँग्रेस बन्न सक्नुपर्छ । किनकि आज नेपाली जनताले काँग्रेससँग उसको विगतको हिसाब मात्र मागिरहेका छैनन् । उनीहरू काँग्रेसको भविष्यको खाका खोजिरहेका छन् र यही कारणले यस महाधिवेशनको वास्तविक परीक्षा सभापतिको बन्छ ? भन्ने होइन,महाधिवेशनपछि काँग्रेस कस्तो बन्छ भन्ने हो ।***( लेखक राष्ट्रिय जनमोर्चा पाल्पाका अध्यक्ष एवं युवा नेता समेत हुन् । )***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१७५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टेइन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : धैर्यताले सफलता नजिक ल्याउनेछ। परिवारको साथ महत्वपूर्ण रहनेछ।
**वृष** : नेतृत्व गर्ने अवसर प्राप्त हुनेछ। कार्यक्षेत्रमा सिर्जनात्मक सोच बढ्नेछ।
**मिथुन** : काममा ध्यान केन्द्रित गर्नुपर्नेछ। सानो प्रयासले ठूलो उपलब्धि दिन सक्छ।
**कर्कट** : सम्बन्ध सुधार गर्ने समय आएको छ। आर्थिक पक्षमा सावधानी अपनाउनुहोस्।
**सिंह** : आत्मविश्वासले काम सजिलो बनाउनेछ। गोप्य योजना सफल हुन सक्छ।
**कन्या** : अवसरको उत्साहले काममा प्रगति देखिनेछ। अध्ययनमा सफलता मिल्नेछ।
**तुला** : परिश्रमको फल प्राप्त हुनेछ। आर्थिक सुधारमा सहकार्य लाभदायक हुनेछ।
**वृश्चिक** : नयाँ विचारले काममा उन्नति ल्याउनेछ। योजनामा स्पष्टता आवश्यक छ।
**धनु** : आत्मिक शान्ति महसुस हुनेछ। आर्थिक विषयमा सजग रहनु उपयोगी हुनेछ।
**मकर** : नयाँ कामतर्फ आकर्षण बढ्नेछ। निर्णय क्षमताले राम्रो परिणाम दिनेछ।
**कुम्भ** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। पुरानो विषयमा अल्झिन सक्नुहुनेछ।
**मीन** : परिवारसँग रमाइलो समय व्यतीत हुनेछ। भावनामा सन्तुलन आवश्यक देखिन्छ।

# शिक्षा

## दरबन्दी अभाव: कक्षा ११,१२ मा छैनन् पर्याप्त शिक्षक



देशभरका माध्यमिक तहअन्तर्गत कक्षा ११ र १२ मा अध्यापन गराउने शिक्षक सङ्ख्या कमी छ । असोज दोस्रो साता प्रकाशित शिक्षा तथा खेलकुद मन्त्रालयको 'वार्षिक प्रगति प्रतिवेदन २०८२/०८३' ले अन्य तहको तुलनामा कक्षा ११-१२ मा स्वीकृत दरबन्दी र उपलब्ध शिक्षक सङ्ख्या अत्यन्तै न्यून रहेको देखाएको हो । प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको कक्षा ११ र १२ मा स्वीकृत दरबन्दीका आधारमा एक जना शिक्षकले ६० जना विद्यार्थी सम्हाल्नुपर्ने बाध्यता छ । राहत, करार वा अन्य सबैसमेत गणना गर्दा पनि यो अनुपात १:५० मात्र पुग्छ । यो अनुपात विद्यालय शिक्षाका अन्य तहहरूसँग तुलना गर्दा निकै असन्तुलित र चिन्ताजनक देखिन्छ । शिक्षा ऐन, २०२८ को आठौं संशोधनपछि कक्षा ११-१२ लाई माध्यमिक शिक्षामा परिणत गरिएको थियो । तर कक्षा ११ र १२ मा अध्यापनका लागि सरकारले दरबन्दी नै सिर्जना गरेको छैन, जसले गर्दा उनीहरूलाई अध्यापन गराउने शिक्षक एक जना पनि स्थायी छैनन् । शिक्षा नियमावलीले सामुदायिक विद्यालयका प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्याको निश्चित मापदण्ड तोकेको छ । नियमावलीअनुसार हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ तथा उपत्यका र तराई क्षेत्रमा ५० जना विद्यार्थी हुनुपर्ने व्यवस्था छ । तर, माध्यमिक तहका उपल्ला कक्षा (११ र १२) मा तोकिएको मापदण्डभन्दा धेरै गुणा बढी विद्यार्थी चाप रहेको र सोही अनुपातमा शिक्षक दरबन्दी न्यून छ । महालेखा परीक्षकको पछिल्लो प्रतिवेदन अनुसार विशेषगरी उपत्यका तथा तराई क्षेत्रका माध्यमिक तह (कक्षा ११-१२) मा औसत शिक्षक विद्यार्थी अनुपात १:७८ पुगेको छ । जस अनुसार मधेस प्रदेशमा कक्षा ११-१२ को अनुपात १:१०८ र कोशी प्रदेशमा १:७८ छ । यस्तै, लुम्बिनीमा १:७९ र बागमतीमा १:६५ अनुपात छ । यसबाट के बुझिन्छ भने उपत्यका र तराईका विद्यालयहरूमा शिक्षकको व्यापक दरबन्दी अभाव देखिन्छ । पहाडी र हिमाली क्षेत्रमा समेत कक्षा ११-१२ मा शिक्षक अभाव उत्तिकै देखिएको छ । हिमाली क्षेत्रका कक्षा ११-१२ मा औसत अनुपात १:५७ छ, जहाँ कोशीका हिमाली भेगमा १:५७ र कर्णालीमा १:५३ सम्म पुगेको छ । यस्तै, पहाडी क्षेत्रका कक्षा ११-१२ मा औसत अनुपात १:५१ छ, जसमा कोशीको पहाडमा १:५५, बागमतीमा १:५६ र लुम्बिनीमा १:४७ विद्यार्थी बराबर एक शिक्षकको दरबन्दी रहेको देखिन्छ । तथ्याङ्क विश्लेषण गर्दा हिमाली क्षेत्रमा कक्षा १२, पहाडी क्षेत्रमा कक्षा ११ र १२ तथा उपत्यका र तराई क्षेत्रमा कक्षा ६, ८, ११ र १२ बाहेक अन्य कक्षाहरूमा मात्र तोकिएको मापदण्डअनुसार शिक्षक विद्यार्थी अनुपात कायम देखिन्छ । यसको अर्थ कक्षा ११ र १२ मा तीनै भौगोलिक क्षेत्र (हिमाल, पहाड, तराई/उपत्यका) मा शिक्षक दरबन्दी निकै न्यून छ । अर्कोतर्फ, समग्रमा कक्षा १ देखि ५ सम्मको विद्यार्थी सङ्ख्या न्यून रहेको र कक्षा ११ र १२ बाहेकका अन्य तल्लो कक्षाहरूमा शिक्षक विद्यार्थी अनुपात ५० भन्दा कम रहेको पाइएको छ । महालेखा परीक्षकको पछिल्लो प्रतिवेदन अनुसार कक्षा ११ र १२ मा उच्च दरबन्दी अभाव हुनु र प्राथमिक तथा तल्ला कक्षाहरूमा विद्यार्थी सङ्ख्या न्यून हुनुले शिक्षा मन्त्रालयको दरबन्दी मिलान तथा व्यवस्थापन प्रणालीमा ठुलो समस्या रहेको प्रस्ट पार्छ । तल्ला कक्षाहरूमा विद्यार्थीको तुलनामा शिक्षक दरबन्दी बढी हुने तर उपल्ला कक्षा (११-१२) मा विद्यार्थीको चाप उच्च हुँदा पनि शिक्षक दरबन्दी सिर्जना तथा मिलान हुन नसक्नाले माथिल्लो तहको शैक्षिक गुणस्तर र पठनपाठनमा प्रत्यक्ष असर परिरहेको छ ।

**सामुदायिकमा समस्या बढी**

संस्थागत (निजी) विद्यालयहरूसँग तुलना गर्दा पनि सामुदायिक विद्यालयको अवस्था झनै कमजोर देखिन्छ । निजी विद्यालयमा विद्यार्थी-विद्यालय अनुपात सन्तुलित रहे पनि सामुदायिक विद्यालयमा भने विद्यार्थीको चाप धेरै हुनु र सोही अनुपातमा शिक्षक दरबन्दी सिर्जना हुन नसक्नुले अध्ययन-अध्यापनको गुणस्तरमा प्रत्यक्ष प्रतिकूल असर पारिरहेको छ । कक्षा कोठामा शिक्षकको अभावले गर्दा विद्यार्थीहरूले विषयगत रूपमा पर्याप्त ध्यान र मार्गदर्शन पाउन सकेका छैनन् । विद्यार्थीको कुल सङ्ख्यालाई हेर्दा पनि उपलब्ध शिक्षक सङ्ख्या अपर्याप्त रहेको प्रस्ट हुन्छ । प्रतिवेदनअनुसार समग्र माध्यमिक तह (कक्षा ९-१२) मा कुल १६ लाख ६६ हजार ५ सय ५३ जना विद्यार्थी अध्ययनरत छन् । तर, यी सबै विद्यार्थीका लागि जम्मा ६७ हजार ८७ जना मात्र शिक्षक कार्यरत छन् । प्रतिवेदनले कक्षा ११ र १२ मा अध्यापन गर्ने शिक्षक सङ्यख उल्लेख्य वृद्धि गर्नुपर्ने स्पष्ट सुझाव दिएको छ ।

*-सेतोपाटी डटकम*

## दुई दिन अनिवार्य बिदा दिन विद्यालयलाई निर्देशन

वीरगञ्ज महानगरपालिकाले शनिबार र आइतबार अनिवार्य सार्वजनिक बिदा दिन विद्यालयलाई निर्देशन दिएको छ । वीरगञ्जका केही संस्थागत विद्यालयले आइतबारसमेत पठनपाठन सञ्चालन गरिरहेको गुनासो आएपछि महानगरपालिकाले महानगर क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक तथा संस्थागत (निजी) विद्यालयलाई प्रत्येक हप्ता शनिबार र आइतबार अनिवार्य सार्वजनिक बिदा दिन निर्देशन दिएको हो । शिक्षा तथा खेलकुद मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार शैक्षिक संस्थामा हप्ताको दुई दिन बिदा दिने व्यवस्था कार्यान्वयन गर्न स्थानीय तहलाई अनुरोध गरेपछि महानगरका केही संस्थागत विद्यालयले आइतबारसमेत पठनपाठन सञ्चालन गरेको जानकारीमा आएपछि दुई दिन अनिवार्य बिदा गर्न निर्देशन दिइएको महानगरका शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेले जानकारी दिए । नगर शिक्षा समितिको यही




असोज ५ गतेको निर्णयअनुसार महाशाखाले परिपत्र जारी गर्दै विद्यालय सञ्चालनमा एकरूपता कायम गर्न सबै विद्यालयलाई ताकेता गरेको हो । महानगरले भनेको छ, "शिक्षा तथा खेलकुद मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार शनिबार र आइतबार गरी दुई दिन बिदा दिँदा विद्यार्थीको पठनपाठन समय तथा वार्षिक कार्यघण्टामा कमी आउन नदिने गरी विद्यालयले आवश्यक व्यवस्थापन गर्नुपर्छ, त्यसका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा पाठ्यक्रम विकास केन्द्रबाट जारी निर्देशनअनुसार दैनिक पठनपाठनको समय, वार्षिक शैक्षिक क्यालेन्डर र आवश्यक बिदालाई समायोजन गर्न विद्यालयसँग आग्रह छ ।"

*-हाम्रा कुरा डटकम*

## त्रिविको गिर्दो साख, वरीयतामा निरन्तर ओरालो



नेपालको सबैभन्दा ठूलो र पुरानो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय (त्रिवि) को अन्तर्राष्ट्रिय शैक्षिक वरीयता अर्थात् र्‍याङ्किङमा लगातार गिरावट देखिएको छ । विश्वका विश्वविद्यालयको मूल्याङ्कन गर्ने टाइम्स हाइयर एजुकेसन (टिएचई)को पछिल्लो विश्वविद्यालय वरीयता सूची, २०२७ मा त्रिवि १८०१-२००० को समूहमा परेको छ । एक वर्षअघिसम्म १५०१ को समूहमा रहेको त्रिवि पछिल्लो संस्करणमा थप तल झरेको हो । त्रिविको ओरालो यात्रा पछिल्ला केही वर्षमा क्रमश: तीव्र भएको देखिन्छ । सन् २०१९ मा पहिलो पटक टिएचईको विश्व र्‍याङ्किङमा प्रवेश गर्दा त्रिवि ८०१-१००० को समूहमा थियो । २०२० मा १००० मा पुगे पनि २०२१ र त्यसपछिका केही वर्षमा पुन: ८०१-१००० को समूहमा फर्किएको थियो । २०२३ सम्म यहि समूहमा रहेको त्रिवि २०२४ मा १२०१-१५०० मा झर्‍यो । त्यसपछि २०२५ मा १५०१+ मा पुग्यो र २०२६ मा पनि त्यही समूहमा रह्यो । ३० सेप्टेम्बर २०२६ मा प्रकाशित पछिल्लो २०२७ को र्‍याङ्किङमा भने त्रिविको बरियता झन् खस्केर १८०१- २०००को समूहमा पुगेको छ । यसरी हेर्दा करिब सात वर्षको अवधिमा त्रिवि ८०१- १००० बाट १८०१-२००० को समूहमा पुगेको छ । यद्यपि, टिएचईले निश्चित क्रमसङ्ख्या नभई समूहगत र्‍याङ्किङ प्रकाशित गर्ने भएकाले यति नै स्थान तल झर्‍यो भनेर दाबी गर्न भने सकिँदैन । बरीयतामा आएको गिरावटलाई त्रिविको समग्र शैक्षिक विभागको गुणस्तरमा आएको गिरावटका रूपमा पनि बुझ्न मिल्दैन । टिएचईले २०२४ देखि आफ्नो मूल्याङ्कन पद्धतिमा परिवर्तन गर्दै शिक्षण, अनुसन्धान वातावरण, अनुसन्धानको गुणस्तर, उद्योगसँगको सम्बन्ध र अन्तर्राष्ट्रिय दृष्टिकोण लगायतका पक्षलाई समेटेको छ । त्रिविले २०२४ को र्‍याङ्किङ सार्वजनिक भएपछि पद्धति परिवर्तनले परिणाम प्रभावित गरेको तर्कसमेत गरेको थियो । तर त्यसपछि पनि लगातार दुई संस्करणमा त्रिवि तल्लो समूहमा रहनुले प्रश्नलाई अझ गम्भीर बनाएको छ । २०२६ मा त्रिविको टिएचई स्कोर २३.०५ बाट बढेर २३.५२ पुगे पनि समग्र र्‍याङ्किङ १५०१+ मै कायम थियो । त्रिविले डेटा प्रविष्टि र रिपोर्टिङ सुधारका लागि समिति गठन गरेको र स्कोर बढ्नुमा त्यसको पनि योगदान रहेको जनाएको थियो । त्रिविको पछिल्लो विषयगत प्रदर्शनले भने तस्बिर केही फरक देखाउँछ । टिएचई २०२६ मा चिकित्सा तथा स्वास्थ्यमा ६०१-८००, सोसियल साइन्समा ८०१-१००० र इन्जिनियरिङमा १००१-१२५० को समूहमा थिए । अर्थात् समग्र र्‍याङ्किङ कमजोर भए पनि त्रिविका केही विषयगत क्षेत्र तुलनात्मक रूपमा माथिल्लो समूहमा छन् । त्रिविको विशाल आकार पनि यसको र्‍याङ्किङ बुझ्ने महत्त्वपूर्ण पक्ष हो । टिएचईका अनुसार त्रिविमा करिब ४ लाख विद्यार्थी छन् र यसको संरचनामा केन्द्रीय विभाग, आङ्गिक क्याम्पस तथा देशभरका सम्बन्धनप्राप्त कलेज समावेश छन् । तर यही विशाल संरचनाबिच अनुसन्धान उत्पादन, अन्तर्राष्ट्रिय विद्यार्थी तथा प्राध्यापकको उपस्थिति, अनुसन्धानको प्रभाव र संस्थागत डेटा व्यवस्थापन सुधार गर्नुपर्ने चुनौती देखिन्छ । त्यसो त त्रिविले अनुसन्धानको गुणस्तरमा ४१.३ अङ्क र अन्तर्राष्ट्रिय दृष्टिकोणमा ४३.१ अङ्क हासिल भएको छ । विश्वविद्यालयको शिक्षण सूचकमा भने विगतका वर्षहरूको तुलनामा क्रमिक सुधार पनि देखिएको छ । सन् २०१९ मा ९.२ अङ्क रहेको शिक्षण सूचक सन् २०२३ मा १२.८ हुँदै सन् २०२७ को तथ्याङ्कमा १६.५ अङ्क पुगेको छ । शिक्षणमा सुधार हुँदाहुँदै अनुसन्धानको गुणस्तर, अनुसन्धान वातावरण, अन्तर्राष्ट्रिय अनुसन्धान सहकार्य तथा अनुसन्धानका विषय विश्वका अन्य विश्वविद्यालयको तुलनामा पर्याप्त गति लिन नसक्नु यसको बरियता खस्कनुका एउटा कारण रहेको देखिन्छ । अनुसन्धान वातावरणमा यसले केवल ९.२ अङ्क हासिल गरेको छ । त्रिविको पछिल्लो र्‍याङ्किङ केवल एउटा अन्तर्राष्ट्रिय सूचीमा घटेको स्थानको विषय नभई नेपालको उच्च शिक्षाको अनुसन्धान क्षमता,अन्तर्राष्ट्रियकरण र संस्थागत सुधारको अवस्थाबारे उठेको गम्भीर प्रश्नका रूपमा समेत हेरिन थालेको छ । अब त्रिविका लागि चुनौती १५०१+ वा १८०१-२००० बाट माथि आउनु मात्र होइन, त्यसका पछाडि रहेका सूचकहरूमा दीर्घकालीन सुधार ल्याउनु हो ।

*-रातोपाटी डटकम*

## 'राष्ट्रिय विधि विज्ञान प्रयोगशालालाई राजनीतिक हस्तक्षेपमुक्त बनाउँछौं'



विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले राष्ट्रिय विधि विज्ञान प्रयोगशालालाई राजनीतिक हस्तक्षेपबाट पूर्ण रूपमा मुक्त गरी स्वायत्त र अत्याधुनिक संस्थाका रूपमा विकास गरिने प्रतिबद्धता व्यक्त गरेका छन् । बुधबार प्रतिनिधिसभामा राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक २०८२ माथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री पुनले प्रयोगशालालाई गुणस्तरीय बनाउन सरकार गम्भीर रहेको बताएका हुन् । हालसम्म गठन आदेशको भरमा र भाडाको भवनमा सञ्चालन भइरहेका कारण प्रयोगशालाको क्षमता विस्तार हुन नसकेको र अवस्था निकै नाजुक रहेको उनले स्वीकार गरे । त्रिशूलीमा आएको बाढीका क्रममा शव पहिचानका लागि डीएनए परीक्षण गर्नुपर्दा देखिएको कठिनाइले प्रयोगशालाको दयनीय अवस्था छताछुल्ल भएको मन्त्री पुनले स्मरण गरे । 'हामीसँग पर्याप्त प्रविधि नहुँदा छिमेकी मुलुकको विशेषज्ञ टोली र उपकरणको सहारा लिनुपर्‍यो,' उनले भने, 'यस संस्थालाई राजनीतिक प्रभावबाट टाढा राख्ने जिम्मा पनि हामी जनप्रतिनिधिहरुकै काँधमा छ । प्रस्तावित ऐनले यसलाई पूर्ण स्वतन्त्र निकायका रूपमा परिभाषित गरेको छ ।' मन्त्री पुनले आगामी दिनमा प्रयोगशालालाई भौतिक संरचना र अत्याधुनिक उपकरणसहित सातवटै प्रदेशमा विस्तार गरिने कार्ययोजना संसदमा प्रस्तुत गरेका छन् । यसका लागि मन्त्रालयले २० करोड रुपैयाँ थप बजेट व्यवस्था गरी नयाँ प्रयोगशाला भवनको डिजाइन कार्यसमेत सुरु गरिसकेको जानकारी उनले दिए । सांसदहरूले उठाएका राजनीतिक हस्तक्षेपका प्रश्नको जवाफ दिँदै उनले कानुनत: नै स्वायत्त संस्था बनाइने भएकाले त्यस्तो हस्तक्षेप नहुने दाबी गरे। साथै, अनुसन्धान कार्यमा प्रयोग हुँदै आएको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) को प्रयोगशालाको क्षमता बढाएर विधि विज्ञानको कामलाई थप छिटो र भरपर्दो बनाउने प्रयास भइरहेको मन्त्री पुनले स्पष्ट पारेका छन् ।

*-अनलाइन खबर डटकम*

# देवदहमा गोली चल्दा एक युवक घाइते



**बुटवल,** असोज १८/रुपन्देहीको देवदहमा गोली चल्दा एक युवक घाइते भएका छन् । शनिबार अपरान्ह करिब ४ बजे देवदह-५ मितेरीगाउकका दीपक भन्ने युवराज खरेलले चलाएको गोली लागेर घटनामा बुटवल उपमहानगरपालिका-९ मिलनचोकका २२ वर्षीय रायन खत्री क्षेत्री घाइते भएका हुन् ।

गोली लाग्दा उनको दाहिने गालाको छाला च्यात्तिएको प्रहरीले जनाएको छ । घाइते खत्रीको देवदह मेडिकल कलेज, भलुहीमा उपचार भइरहेको छ । घटनाको जानकारी पाएलगत्तै प्रहरी चौकी खैरेनीबाट खटिएको टोलीले खरेलसहित तीन जनालाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा देवदह नगरपालिका-५ मितेरी गाउँका ४२ वर्षीय दीपक खरेल भनिने दुर्गाप्रसाद खरेल, ३८ वर्षीय कमल शर्मा र १८ वर्षीय अमृत खरेल रहेका छन् । प्रहरीले खरेलको साथबाट एक थान पेस्तोल र दुई राउन्ड गोली बरामद गरेको जनाएको छ । खरेलसँग रहेको पेस्तोल घरमा आएका खत्रीलाई देखाउने क्रममा गोली चलेको स्थानीयको दाबी छ । तर, प्रहरीले पेस्तोलको बैधानिकताको विषयमा पनि अनुसन्धान भइरहेको जनाएको छ ।

# आज विश्व शिक्षक दिवस मनाइँदै




**पाल्पा,** असोज १८/आज विश्व शिक्षक दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदैछ । शिक्षकका लागि समर्थन जुटाउन र भविष्यको पुस्ताको आवश्यकता शिक्षकहरुको माध्यमबाट पूरा हुन्छ भन्ने कुराको सुनिश्चितताका लागि संयुक्त राष्ट्रसंघ र राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संघ युनेस्कोको आह्वानमा सन् १९९४ देखि हरेक वर्ष अक्टुबर ५ तारिखमा यो दिवस मनाउँदै आएको हो ।

आजको दिन संसारभर विभिन्न कार्यक्रम गर्दै गुणस्तरीय शिक्षा प्रदान गरेर विद्यार्थीहरुलाई स्थानीय तथा अन्तर्राष्ट्रिय समाजको विभिन्न क्षेत्रमा योगदान पुऱ्याउन मद्दत गर्ने शिक्षकहरुको सम्झना र सम्मान गरिन्छ । ज्ञानको ज्योति छर्ने, विश्वमा दक्ष, असल जनशक्ति उत्पादन गर्ने शिक्षकलाई सधैं सम्मान गर्नुपर्दछ । तर पछिल्लो समय शिक्षकको योगदान, भूमिका र महत्वलाई बिर्सन वा ओझेलमा पार्न थालिएको छ । शिक्षकले पाउनुपर्ने जति कदर पाएका छैनन् । शिक्षकको कदर गर्ने संस्कृति कसरी विकास गर्ने भन्ने विषय अहिले टड्कारो बनेको छ । दिवसका अवसरमा विद्यालय तथा शैक्षिक संस्थाहरूमा विभिन्न कार्यक्रम, अन्तरक्रिया, सम्मान तथा सचेतनामूलक गतिविधि आयोजना गरिन्छ । नेपालमा पनि शिक्षक दिवसका अवसरमा शिक्षकको भूमिका र योगदानको चर्चा गर्दै विभिन्न कार्यक्रम आयोजना गरिँदैछ । विद्यार्थीको ज्ञान, सीप, क्षमता र व्यक्तित्व विकासमा शिक्षकको महत्वपूर्ण भूमिका रहने भएकाले गुणस्तरीय शिक्षाका लागि सक्षम र प्रेरित शिक्षक आवश्यक रहेको शिक्षाविद्हरू बताउँछन् । शिक्षकहरूले भने बदलिँदो शैक्षिक परिवेशअनुसार आफूलाई अद्यावधिक गर्दै अघि बढ्नुपर्ने अवस्था रहेको बताएका छन् । साथै शिक्षकको पेशागत सुरक्षा, उचित पारिश्रमिक, तालिम तथा सम्मानजनक कार्य वातावरण सुनिश्चित गर्नुपर्नेमा उनीहरूले जोड दिएका छन् । दिवसले शिक्षकको योगदानलाई सम्झनुका साथै सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षकलाई आवश्यक स्रोत, अवसर र सम्मान उपलब्ध गराउनुपर्ने सन्देशसमेत दिने गरेको छ ।

## ग्रीन फर गुड नेपालको अध्यक्षमा...

...संस्था दर्तापछि २०८० साल चैतमा संरक्षणकर्मी, सकारात्मक चिन्तक तथा वरिष्ठ पर्यटन व्यवसायी कर्ण शाक्यलाई प्रमुख वक्ताका रूपमा आमन्त्रण गरी 'दिगो पर्यटन प्रवर्द्धनमा वातावरणीय भूमिका' विषयक अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिएको थियो । संस्थाले समुदाय, विद्यालय तथा विभिन्न सार्वजनिक सम्पदा परिसरमा धातुका डस्टबिन राखी फोहोर व्यवस्थापनलाई व्यवस्थित र दिगो प्रणालीमा लैजाने प्रयास गर्दै आएको छ । साथै, विद्यार्थीमार्फत वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनसम्बन्धी सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले ग्रीन युथ क्लब गठन गरी वृक्षारोपण तथा फोहोर व्यवस्थापनसम्बन्धी विभिन्न गतिविधि सञ्चालन गर्दै आएको जनाइएको छ । कार्यक्रममा संस्थाकी कोषाध्यक्ष शान्ति पाण्डेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् भने सचिव गंगाबहादुर खत्रीले संस्थाले हालसम्म गरेका गतिविधि तथा आगामी योजनासहितको प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाका अध्यक्ष बस्यालको अध्यक्षता, उपाध्यक्ष भेषराज सुवेदीले स्वागत, सचिव खत्रीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### ३४१ पदकसहित चीन शीर्ष स्थानमा



**काठमाडौं,** असोज १८/जापानको आइची-नागोयामा सम्पन्न २०औँ संस्करणको एशियाली खेलकुदमा चीन ३४१ पदकसहित शीर्ष स्थानमा रहेको छ । प्रतियोगितामा चीनले १६९ स्वर्ण, ८९ रजत र ८३ कांस्य जितेको हो । आयोजक जापान पदक तालिकाको दोस्रो स्थानमा छ । जापानले ८३ स्वर्ण, ९५ रजत र ९१ कांस्यसहित २६९ पदक जितेको छ । तेस्रो स्थानमा रहेको दक्षिण कोरियाले ३९ स्वर्ण, ४३ रजत र ६८ कांस्यसहित १५० पदक जितेको छ । चौथो स्थानमा रहेको भारतले २१ स्वर्ण, २७ रजत र ३७ कांस्यसहित ८५ पदक जितेको छ । पाँचौं स्थानमा रहेको उज्वेकिस्तानले २१ स्वर्ण, २५ रजत र २४ कांस्यसहित ७० पदक जितेको छ । एशियाली खेलकुदमा नेपालले २ वटा पदक जितेको छ । करातेको कुमितेमा तेन्जिङ शेर्पा र महिला कबड्डी टोलीले कांस्य पदक जितेका छन् । प्रतियोगितामा नेपालबाट २१ खेलका १३५ जना खेलाडी सहभागी थिए । नेपाली महिला टोलीले लगातार कांस्य जितेको हो । एशियाली खेलकुदमा नेपालले १ स्वर्णसहित कम्तीमा १० वटा पदक जित्ने लक्ष्य राखेको थियो । नेपालले 'मिसन २०२६' अभियान सञ्चालन गरे पनि सार्थकता पाउन सकेन । यही असोज ३ गतेदेखि शुरू भएको एशियाली खेलकुदका सबै खेल आइतबार सकिएको हो ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### सुनचाँदीको मूल्य घट्यो




**पाल्पा,** असोज १८/नेपाली बजारमा आइतबार सुन -चाँदीको मूल्यमा गिरावट आएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुनको मूल्य तोलामा २ हजार ९ सय रुपैयाँले घटेको हो ।

यससँगै सुन प्रतितोला २ लाख ९१ हजार ९ सय रुपैयाँ कायम भएको छ । शुक्रबार सुन प्रतितोला २ लाख ९४ हजार ८ सय रुपैयाँमा किनबेच भएको थियो । यस्तै, आइतबार चाँदीको मूल्य पनि घटेको छ । सो दिन चाँदी तोलामा ६० रुपैयाँले घटेर तोलाको ४ हजार ३ सय ९० रुपैयाँ कायम भएको छ । शुक्रबार चाँदी प्रतितोला ४ हजार ४ सय ५० रुपैयाँमा कारोबार भएको थियो ।

## बिल लिने र दिने बानी बसालौं

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई